वर्ष ५, अंक ९, पुस

# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन




**नेपाल प्रहरी प्रधान कार्यालय**

**अपराध अनुसन्धान विभाग**

''वस्तुनिष्ठ अपराध अनुसन्धान मानव अधिकारको सम्मान''

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.ना.म.नि. उमेश राज जोशी

**सल्लाहकार**
प्र.ब.उ. चन्द्र कुवेर खापुङ

**सम्पादक मण्डल**
प्र.नि. सबिता के.सी.
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ज भावना चन्द

**ले-आउट/ग्राफिक्स**
प्र.ज भावना चन्द

| | |
|---|---|
| विभागीय गतिविधि | १ – ३ |
| अपराध तथ्याङ्क | ४ – ११ |
| प्रहरी सेवा प्रवाह | १२–१४ |
| खोजतलास तथा समन्वय | १५ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १६–१७ |
| अपराध समाचार | १८–२२ |
| उत्कृष्ट अनुसन्धान | २३ |

# विभागीय गतिविधि

## माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेद्वारा नेपाल प्रहरी प्रधान कार्यालयको निरीक्षण



*काठमाडौं, १५ पुस*

माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेले नेपाल प्रहरी प्रधान कार्यालयको निरीक्षण भ्रमण गर्नुभई उपस्थित प्रहरी कर्मचारीहरुलाई निर्देशन समेत दिनुभयो । उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेलाई नेपाल प्रहरी प्रधान कार्यालयमा प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह, प्रहरी अतिरिक्त महानिरीक्षकहरु, प्रहरी नायव महानिरीक्षकहरु लगायत वरिष्ठ प्रहरी अधिकृतहरुले हार्दिक स्वागत गर्नुभएको थियो। निरीक्षण भ्रमणका क्रममा उपप्रधानमन्त्री एवम् गृहमन्त्री लामिछानेले नेपाल प्रहरी प्रधान कार्यालयस्थित पोलीग्राफ सेक्सन र डाटा सेन्टरको निरीक्षण गर्नुका साथै त्यस सम्बन्धी गतिविधिबारे जानकारी लिनुभयो । निरीक्षण पश्चात आयोजित कार्यक्रममा उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेले नेपाल प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालयले तयार पारेको 'सेवा प्रतिको सन्तुष्टि र कार्य सम्पादनमा प्रभाव पार्ने तत्वहरू: नेपाल प्रहरीमा कार्यरत जुनियर प्रहरी अधिकृतहरूको मामला अध्ययन' र 'नेपाल प्रहरीमा युवाको आकर्षण र विकर्षणको अवस्था विषयक' २ वटा छुट्टाछुट्टै अध्ययन प्रतिवेदन सार्वजनिकिकरण गर्नुभयो।

नेपाल प्रहरीमा कार्यरत जुनियर प्रहरी अधिकृतहरूको कार्य सम्पादनमा प्रभाव पर्ने तत्वहरूको पहिचान गर्ने र सुधारका क्षेत्रहरू पहिल्याउने उद्देश्यले गरिएको अध्ययनले कार्य वातावरण, कार्य सन्तुष्टि, कार्य उत्प्रेरणा र कार्य सम्पादनलाई एक अर्काको परिपूरकको रूपमा अन्तर सम्बन्धित रहेको देखिएको उक्त प्रतिवेदनमा देशभरबाट विभिन्न जिल्लामा कार्यरत १ हजार ३ सय ८६ जना नेपाल प्रहरीका जुनियर प्रहरी अधिकृतहरूमा सर्वेक्षण, गहन अन्तरवार्ता तथा सुपरिवेक्षक तहका प्रहरी कर्मचारीहरूसँग लक्षित छलफलको माध्यमबाट परिमाणात्मक र गुणात्मक दुवै किसिमका तथ्याङ्क विश्लेषण गरी प्रतिवेदन तयार पारिएको छ । यसैगरी नेपाल प्रहरीमा युवाको आकर्षण र विकर्षणको अवस्था विषयक अध्ययन प्रतिवेदनमा देशभरबाट कक्षा १० देखि स्नातक तह सम्म अध्ययनरत १ हजार ३ सय ६१ जनालाई सहभागी गराई प्रहरीको काम कर्तव्यप्रति युवाको धारणा र सेवाप्रति युवाहरूको आकर्षणका सम्बन्धमा सर्वेक्षण गरी प्रतिवेदन तयार पारिएको थियो । कार्यक्रममा उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेले उपस्थित प्रहरी अधिकृत तथा जवानहरु एवम् भिडियो कन्फेरेन्समार्फत ७ वटै प्रदेश प्रहरी कार्यालयका प्रमुखहरु, नेपाल प्रहरी प्रदेश कार्यालयका प्रमुखहरू, गण प्रमुखहरू, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयका प्रमुखहरू तथा सबै जिल्लाका प्रहरी प्रमुखहरुलाई निर्देशन सम्बोधन गर्नुभयो। संगठनको निर्माण र उच्च छवि बनाउन योगदान दिनु हुने सम्पूर्ण पूर्व प्रहरी अधिकृतहरु र बहालवाला प्रहरी अधिकृत तथा जवानहरु प्रति समेत उहाँले सम्मान प्रकट गर्नुभयो।

संगठनको बिकास र बिस्तार तथा प्रहरी कर्मचारीहरुको बृत्ति विकास गर्ने कार्यलाई प्राथमिकता दिईने बताउँदै उपप्रधानमन्त्री एवम् गृहमन्त्री लामिछानेले भन्नुभयो, 'आवश्यकतानुसारको प्रहरी कार्यालयहरुको भौतिक संरचनाहरु छैनन्, तल्लो तहका प्रहरी कर्मचारीहरु ब्यारेकमा कष्ट पुर्ण तरिकाले सुत्नु परेको अवस्था छ, प्रहरी प्रधान कार्यालयमा कार्यरत कर्मचारीहरुको लागि आवास गृह छैन, स्केलमा पाउनु पर्ने सामानहरु समयमा तोकिए बमोजिम पाउन नसकेको अवस्था छ र महङ्गी अनुसारको राशनको व्यवस्था नहुने अवस्थाको अव अन्त गरिनुपर्छ।' सरुवा, बढुवा र बृत्ति विकासको लागि मापदण्ड तयार गरी लागु गरिने र मापदण्ड र कार्य सम्पादनको मुल्यांकनको आधारमा बढुवा र सरुवा गर्ने गराउने व्यवस्था कडाइका साथ पालना गरिने समेत उहाँले उल्लेख गर्नुभयो । संगठनले प्राप्त गरेको तालुक गृह मन्त्रालयको वर्तमान नेतृत्वबाट आगामी दिनमा नेपाल प्रहरी संगठन थप व्यावसायिक र उर्जावान हुने विश्वास व्यक्त गर्दै संगठनको नीति अनुरूप कार्य सम्पादनको मूल्याङ्कनको आधारमा सरूवा, बढुवा पारदर्शी रूपमा हुने एवम् प्रहरी अधिकृतहरूको सरूवा उनीहरूको व्यावसायिकता तथा दक्षताको आधारमा गरिएको बताउनुभयो।

निरीक्षण भ्रमणको क्रममा गृहमन्त्री लामिछाने समक्ष प्रहरी वरिष्ठ उपरीक्षक दान बहादुर कार्कीले नेपाल प्रहरीको परिचय, संगठनको संरचना, मानवश्रोत तथा स्रोत साधन व्यवस्थापन, अपराध अनुसन्धान तथ्याङ्क तथा विश्लेषण, प्रहरी कार्य, शान्ति सुरक्षा, निर्वाचन सुरक्षा तथा ट्राफिक व्यवस्थापन, प्रहरी कार्यमा प्रविधिको प्रयोग, अन्तर्राष्ट्रिय समन्वय र सहायता, नीति तथा योजना कार्यान्वयनको अवस्था, चुनौति, भावी योजना र अपेक्षा लगायतका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो। सोही अवसरमा केन्द्रीय अनुसन्धान ब्यूरोका प्रहरी उपरीक्षक कमल थापाले निर्मला पन्तको जबरजस्ती करणी र कर्तव्य ज्यान मुद्दा सम्बन्धी अनुसन्धानको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकहरु, प्रहरी नायव महानिरीक्षकहरु एवम् वरिष्ठ प्रहरी अधिकृतहरु लगायत प्रहरी अधिकृत तथा जवानहरुको उपस्थिति एवम् ७ वटै प्रदेश प्रहरी कार्यालयका प्रमुख, नेपाल प्रहरी प्रदेश कार्यालय, गण प्रमुखहरू, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयका प्रमुखहरू एवम् सबै जिल्ला प्रहरी प्रमुखहरुको भर्चुअल उपस्थिति रहेको थियो।

## तस्करी नियन्त्रण तथा अपराधको सफल अनुसन्धानमा केन्द्रित हुनुपर्ने : प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह



*काठमाडौं, ६ पुस*

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले तस्करी तथा सीमा अपराध नियन्त्रण, फरार अपराधी पक्राउ एवम् जघन्य अपराधको सफल अनुसन्धानमा केन्द्रित रहेर काम गर्न प्रहरी अधिकृतहरू थप सक्रिय हुनुपर्ने बताउनुभएको छ। हालै काज सरूवा भई आफ्नो कार्यक्षेत्रमा जान लागेका प्रहरी उपरीक्षक र प्रहरी नायव उपरीक्षकहरूलाई प्रहरी प्रधान कार्यालयमा निर्देशन सम्बोधन गर्दै प्रहरी महानिरीक्षक सिंहले उक्त कुरा बताउनुभएको हो । हालै सम्पन्न आम निर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउने जिम्मेवारी सफलतापूर्वक पूरा गरेपश्चात अब प्रहरीको नियमित काममा केन्द्रित रहन प्रहरी अधिकृतहरूलाई उहाँले निर्देशन दिनुभयो।

प्रहरी महानिरीक्षक सिंहले आफ्नो कार्यक्षेत्रमा कति संख्यामा अपराधी पक्राउ परे, जघन्य अपराधको अनुसन्धान कति उपलब्धी भयो, तस्करी नियन्त्रणमा के-कस्ता प्रयास भए, आफू मातहतलाई कति न्याय गरियो र तिनको मनोबल उच्च राख्न के-कस्ता काम भए; यसको जवाफ प्रहरी प्रधान कार्यालयले खोज्ने बताउनुभयो । नागरिकबाट आउने महत्वपूर्ण सूचनाहरू प्रहरी कार्यालयबाट उचित सम्बोधन गर्नुपर्ने उहाँले बताउनुभयो । कार्यालय प्रमुख अनुसार काममा फरक आउने गरेकोतर्फ इङ्गित गर्दै उहाँले पूर्ण व्यवसायिकता, स्वस्थ्य प्रतिस्पर्धा, आर्थिक पारदर्शिता अवलम्बन गर्दै अब्बल कार्यसम्पादन गरी यस अवसरलाई सदुपयोग गर्न निर्देशन दिनुभयो।

प्रहरी महानिरीक्षक सिंहले मानव अधिकारको संरक्षण गर्दै आफ्नो क्षेत्रमा हुने विभिन्न अपराधहरूको पहिचान गरी त्यसको नियन्त्रणका लागि आवश्यकता अनुसार अन्य निकायसँग समन्वय र सहकार्य गर्दै अगाडि बढ्न उपस्थित प्रहरी अधिकृतहरूलाई निर्देशन दिनुभयो । कार्यालय प्रमुखहरूले आफ्नो मातहतमा खटिने सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई समसामायिक विषयहरुमा निर्देशन दिनुपर्नेमा जोड दिँदै उहाँले गलत काम गर्नेलाई कारवाही तथा असल प्रहरीलाई पुरस्कृत गरिने बताउनुभयो । यसअघि नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक टेक प्रसाद राई र नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीले समेत काज सरूवा भई जान लागेका प्रहरी अधिकृतहरूलाई समसामयिक विषयमा निर्देशन दिनुभएको थियो।

## हालसम्म टुङ्गोमा पुग्न नसकेका पुराना घटनाहरूको अनुसन्धानलाई उच्च प्राथमिकतामा राखेर काम गर्नुपर्ने : प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह



*काठमाडौं, २० पुस*

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले प्रहरी कर्मचारीहरू अपराध अनुसन्धानमा अझ बढी केन्द्रित र गम्भीर भएर घटित अपराधहरूको अनुसन्धान गर्ने सन्दर्भमा हालसम्म टुङ्गोमा पुग्न नसकेका पुराना घटनाहरूको अनुसन्धानलाई उच्च प्राथमिकतामा राखी सबै घटनाको अनुसन्धान गरी पीडितलाई छिटो भन्दा छिटो न्याय दिने र पीडकलाई कानुनी दायरामा ल्याउनुपर्ने बताउनुभएको छ। प्रहरी महानिरीक्षक सिंहले सात वटै प्रदेश प्रहरी कार्यालयका प्रमुखहरू तथा ७७ वटै जिल्ला प्रहरी कार्यालयका प्रमुखहरूलाई र नेपाल प्रहरी प्रधान कार्यालयबाट भर्चुअल माध्यमद्वारा निर्देशन दिँदै पेन्डिङमा रहेका मुद्दाहरूलाई अझ बढी प्राथमिकतामा राखेर चाँडो भन्दा चाँडो समाधान गर्नेतर्फ प्रहरी कर्मचारीहरू कटिबद्ध हुनुपर्ने बताउनुभएको हो । प्रहरी महानिरीक्षक सिंहले आन्तरिक सुदृढिकरण र आन्तरिक सुधारमा विशेष ध्यान दिँदै आफ्नो मातहतमा कार्यरत सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई उत्प्रेरित गर्दै उच्च मनोबलका साथ काम गर्ने वातावरण सिर्जना गर्नुपर्ने बताउनुभयो।

प्रहरी महानिरीक्षक सिंहले उपलब्ध जनशक्तिको उच्चतम प्रयोग गर्दै शान्ति सुरक्षा अमनचयनलाई थप मजबुद बनाउन आवश्यकता अनुसार समन्वय र सहकार्य गरेर काम गर्नुपर्नेमा जोड दिनुभयो । प्रहरी महानिरीक्षक सिंहले अहिलेको अवस्थामा नेपाल प्रहरीका लागि राम्रो काम गर्ने वातावरण भएको उल्लेख गर्दै सम्पूर्ण प्रहरी कर्मचारीहरूले नयाँ जोश, उमङ्ग, स्वतन्त्र र अझ बढी सशक्त भएर काम गर्न निर्देशन दिनुभयो । कार्यालय प्रमुखहरूले आफ्नो मातहतमा खटिने सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई समसामायिक विषयमा आवश्यक निर्देशन दिनुपर्नेमा समेत उहाँले जोड दिनुभयो । सवारी दुर्घटना न्यूनीकरणका लागि लागू गरिएका रिफ्रेसमेन्ट सेन्टर, टाइम कार्ड लगायतका कार्यक्रमहरूलाई लागू गर्नका लागि अझ बढी सक्रिय हुन उहाँले निर्देशन दिनुभयो। उक्त अवसरमा काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक दिवेश लोहनी, अन्य प्रहरी अधिकृतहरूको उपस्थितिको साथै सहभागी प्रहरी कार्यालयहरूका प्रमुखहरूको भर्चुअल उपस्थिति रहेको थियो।

## प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीज्यू बाट "चित्राकृति आधारभुत तालिम (Portrait Sketch Basic Training)" दोस्रो समूहको उदघाटन





*काठमाडौं, १८ पुस*

प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीज्यूको प्रमुख आतिथ्यमा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा संचालित चित्राकृति २९ कार्यदिन अवधिको गैह-आवासीय आधारभुत तालिम **"आकृतिकार आधारभूत तालिम (Portrait Sketch Basic Training)"** तालिम उदघाटन भएको छ। पुस १८ गतेदेखि संचालित उक्त तालिममा प्रहरी जवान २५ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो।

अपराध अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन पिडित तथा चश्मदित साक्षीहरुको बयान तथा थाहा पाउने जान्ने व्यक्तिहरुको सूचना, फोटो वा अन्य सन्दर्भ सामाग्री र स्मरणको आधारमा शंकित /अभियुक्त तथा फरार प्रतिवादीहरुको चित्राकृति बनाई पहिचान तथा खोजी गरी पक्राउ गर्न, पटके तथा गम्भिर प्रकृतिका अपराधमा संलग्न अपराधी/अभियुक्तहरुको आकृति सहितको विवरण सार्वजनिक गरी सर्वसाधारणहरुलाई सुरक्षाको लागि सावधान गराउनुको साथै अनुसन्धान तथा पक्राउ कार्यमा आम सर्वसाधारणहरुको सहयोग लिई नेपाल प्रहरीको अनुसन्धान गर्ने जिम्मेवार एकाईहरुमा आवश्यक आकृतिकारहरुको संख्यात्मक तथा गुणात्मक क्षमता अभिबृद्धि गर्ने उद्देश्य लिएको "चित्राकृति आधारभूत तालिम (Portrait Sketch Basic Training)" २९ कार्यदिन अवधिको रहेको छ।

अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीज्यूले यस आकृतिकार आधारभूत तालिमबाट अपराध अनुसन्धान गर्ने प्रहरी कार्यालयहरुलाई सघाउ पुग्नुका साथै सहभागिहरुलाई लगनशिल र मेहनतका साथ प्रशिक्षणमा सहभागी भई अधिकतम सिकाई हासिल गर्ने कुरामा जोड दिदै तालिम सफलताको शुभकामना समेत व्यक्त गर्नुभयो।

## विभिन्न दुर्घटना तथा घटनाको अनुसन्धानमा महत्वपुर्ण बन्दै सिसिटिभि फुटेज




*काठमाडौं, २४ पुस*


काठमाडौं उपत्यकामा सिसिटिभि क्यामराको बढ्दो प्रयोगले विभिन्न प्रकारका आपराधिक तथा गैरकानुनी कार्यलाई नियन्त्रण गर्न महत्वपूर्ण भूमिका खेल्ने गरेको छ। साथै उपत्यकाका मुख्य-मुख्य सडकहरू र महत्वपूर्ण स्थानहरूमा अपराध अनुसन्धान, नियन्त्रण, न्यूनिकरण तथा रोकथामका साथै ट्राफिक व्यवस्थापनका निमित्त सिसिटिभि क्यामराको प्रभावकारिता बढ्दै गएको छ। नेपाल प्रहरीले आफ्नै अप्टिकल फाईबर प्रयोग गरी २०६३ सालमा जम्मा ११ वटा क्यामरा मार्फत प्रहरी कन्ट्रोल रुमबाट मनिटरिङ गर्दै आएकोमा हाल आईपी क्यामराहरू १०५१ वटा रहेका छन् भने उपत्यका प्रहरी कार्यालयका मातहत कार्यालयहरुमा समेत गरी जम्मा ३२३१ वटा क्यामराहरु संचालित छन्। समाजमा शान्ति सुरक्षा कायम गर्न, सवारी दुर्घटना न्यूनिकरण तथा दुर्घटना भएमा उक्त घटनामा संलग्नलाई पहिचान तथा कारवाही गर्न, चोरी लगायत देशभरका विभिन्न शहरहरूमा सिसिटिभि क्यामरा जडान बृद्धि हुँदै गएको पाईन्छ। कुनै पनि सवारी दुर्घटना वा घटना पश्चात पीडितले सिसिटिभि फुटेजका लागि सम्बन्धित प्रहरी कार्यालयहरूमा निवेदन दिने व्यवस्था गरिएको छ। निवेदन प्राप्त पश्चात सम्बन्धित प्रहरी कार्यालयहरूले सिसिटिभि फुटेज प्राप्तिका लागि कारण सहित काठमाडौं उपत्यका प्रहरी कार्यालयमा अनुरोध गरे पश्चात मात्र उक्त कार्यालयले घटना अनुसन्धान प्रयोजनार्थ फुटेज उपलब्ध गराउँछ। सोही फुटेजहरुको आधारमा गत वर्ष ७८२ र चालु आर्थिक वर्षमा २६८ वटा घटनाहरुमा फुटेजको सहायताले घटना अनुसन्धान गरी निचोडमा पुग्न प्रहरी सफल भएको छ। यसैगरी आर्थिक वर्ष ०७८/०७९ मा उपलब्ध गराईएका फुटेजकै आधारमा ट्राफिक नियम उल्लंघन गरी फरार ७४०७ जना, ट्राफिक लेन/फिल्ड अनुशासन कारबाही ३८४० जना र चालु आर्थिक वर्षको मंसिर मसान्तसम्म ट्राफिक नियम उल्लंघन गरी फरार ३९८७ जना, ट्राफिक लेन/फिल्ड अनुशासन कारबाही १८५७ जनालाई सिसिटिभिकै आधारमा पहिचान तथा फलोअप गरी कारवाहीको दायरामा ल्याउन प्रहरी सफल भएको छ। काठमाडौं उपत्यका प्रहरी कार्यालयले सिसिटिभि क्यामराको प्रभावकारिताको लागि VMS (Video Management Software) सहितको क्यामराहरुको संचालनलाई थप विस्तार गर्दै अझ बढी प्रभावकारी बनाउने उद्देश्य लिएको छ भने राजधानी प्रवेश गर्ने तथा बाहिरिने मुख्य नाकाहरुमा Lane Alignment सहितको सर्भिलेन्स सिष्टमको संचालन र शहरको मूख्य चोकहरुमा सिसिटिभिको मेरुदण्डको रुपमा रहेको अप्टिकल फाईबर प्रयोग गरी Public Address System समेत संचालनमा ल्याउने योजना रहेको छ।

# अपराध तथ्याङ्क

## काठमाडौ उपत्यका तथा प्रदेशहरुको पुस महिनाको अपराध तथ्याङ्क प्रस्तुति





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्धा दर्ता संख्या (कार्तिक-पुस)




## त्रैमासिक मुद्धा दर्ता र फछ्यौंट संख्या (कार्तिक-पुस)





## अपराध तंथ्याक (०७६/०७७ देखि ०७९/०८० पुस सम्म)




## जघन्य अपराधको प्रदेशगत विश्लेषण
## (आ.व. २०७९।०८० पुस)





## गम्भीर अपराधको प्रदेशगत विश्लेषण
## (आ.व. २०७९।०८० पुस)




## सामान्य अपराधको प्रदेशगत बिश्लेषण
## (आ.व. २०७९।०८० पुस)





## पुस महिनामा घरेलु हिंसा सम्बन्धी तथ्याङ्क विश्लेषण:



## पुस महिनामा जबरजस्ती करणी अपराधमा पीडित र अभियुक्तको सम्बन्ध बिश्लेषण





## पुस महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणी अपराधको तथ्याङ्क:




## पुस महिनाको अदालती फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ सम्बन्धी विवरण

| प्रदेश/उपत्यका/ब्युरोको नाम | | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ५१९ | ५९ वर्ष २३ दिन | रु.२,९७,५९,१४४ |
| २. | १ नं. प्रदेश प्रहरी कार्यालय, विराटनगर | ५२ | २० वर्ष ३ महिना २२ दिन | रु.१४,०७,१७० |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ११८ | ७४ वर्ष १७ दिन | रु.३८,२३,१७२ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | १७५ | २७ वर्ष ६ दिन | रु.१,२९,७७,२७९ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | २७ | ४४ वर्ष ८ महिना १ दिन | रु.९२,२३१ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ, | ५७ | ६९ वर्ष ४ महिना २९ दिन | रु.३३,८१,९६४ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | १६ | ४ वर्ष १० दिन | रु.६१,०५,३३३ |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ८ | ३ वर्ष ९ महिना १६ दिन | रु.१,२९००० |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | १४ | १० वर्ष २ महिना १४ दिन | रु.४,८०,६७,८९० |
| **जम्मा** | | ९८६ जना | ३१० वर्ष ६ महिना १७ दिन | रु.१०,५७,४३,६३।- |

## पुस महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्धा संख्या




## मंसिर र पुस महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या




## नेपाल प्रहरीमा दलित सेल गठन


गृह मन्त्रालयको २०७८।०९।१६ गतेको पत्र आदेशको आधारमा २०७८/०९/२२ गते नेपाल प्रहरी प्रधान कार्यालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालय अन्तर्गत नेपाल प्रहरीमा केन्द्रिय दलित समन्वय सेल स्थापना भई काठमाडौं उपत्यका प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय र ७७ वटै जिल्ला प्रहरी कार्यालय अन्तर्गतका महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रसँगै रहने गरी ८६ स्थानमा दलित सेल गठन गरिएको छ। महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयबाट पहिलो चरणमा मिति २०७८/११/०१ र ०२ गते गरी दुई समुहमा केन्द्रिय दलित समन्वय सेल र मातहत कार्यालयहरु अन्तर्गत गठित दलित सेलमा कार्यरत ९१ जना प्रहरी कर्मचारीहरुलाई Online (विधुतिय माध्यम) बाट अनुशिक्षण तालिम प्रदान गरिएको थियो भने दोस्रो चरणमा प्रदेश प्रहरी कार्यालयहरुबाट दलित सेलमा कार्यरत तथा अन्य प्रहरी कर्मचारीहरु समेत गरी ७११ जना प्रहरी कर्मचारीहरुलाई अनुशिक्षण प्रदान गरिएको थियो।


### उद्देश्य-:

- दलित समुदायको न्यायमा सहज पहुँचको वातावरण निर्माण गर्ने।
- जातीय तथा अन्य सामाजिक छुवाछुत सम्बन्धी हिंसालाई प्रभावकारी रुपमा अनुसन्धान तथा कारवाही गर्ने।
- दलित समुदायमाथि हुने सबै प्रकारका हिंसाहरु अन्त्य गर्ने।
- दलित सेलमा कार्यरत प्रहरी कर्मचारीहरुलाई जातीय तथा सामाजिक छुवाछुत सम्बन्धी कानुनी व्यवस्था र प्रहरीको काम कर्तव्य सम्बन्धी जानकारी निष्पक्ष रुपमा अनुसन्धान गर्न संवेदनशिल जनशक्ति तयार गर्ने।

## आ.व.२०७८/०७९ मा जातीय तथा सामाजिक छुवाछुत अपराध सम्बन्धी तथ्याङ्कीय विवरण:










## दलित समुदाय पीडित र अभियुक्त भएका लैंगिक हिंसा सम्बन्धी अपराधको तथ्याङ्क :

| (दलित सेल स्थापना भए पश्चात २०७८ पौष देखि २०७९ मंसिर सम्म (१ बर्ष) | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **हिंसाको प्रकार** | **पीडित** | | | | **अभियुक्त** | | | | **कैफियत** |
| | | बालक | बालिका | महिला | पुरुष | बालक | बालिका | महिला | पुरुष | |
| १. | जबरजस्ती करणी | | ३२२ | १४७ | | ४२ | | ४ | ३४८ | |
| २. | जबरजस्ती करणी उद्योग | | ४५ | ३६ | | ६ | | | ९४ | |
| ३. | बहुबिबाह | | | १०० | | | ४ | ८४ | १०० | |
| ४. | बालबिबाह | | ६ | १ | | ३ | ४ | ६ | १४ | |
| ५. | बोक्सीको आरोप | | | ६ | | | | | १ | |
| ६. | अवैध गर्भपतन | | | २ | | | | २ | २ | |
| ७. | जातीय छुवाछुत | | २ | ७ | ३ | | | | | |
| ८. | अप्राकृतिक मैथुन | ५ | २ | | | | | | ७ | |
| ९. | बालयौन दुर्व्यवहार | | ६७ | | | ४ | | १ | ४४ | |
| १०. | घरेलु हिंसा | ७ | २४ | १८२७ | १९९ | ७ | ३ | १८७ | २१९७ | |
| **कुल जम्मा** | | **१२** | **४६८** | **२१२६** | **२०२** | **६२** | **११** | **२८४** | **२८०७** | |

# प्रहरी सेवा प्रवाह

## पुस महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी विवरण





## पुस महिनामा चालचलन सम्बन्धी विवरण

| क्र.सं. | विवरण | प्रगति | |
|---|---|---|---|
| | | **दर्ता** | **बितरण** |
| १. | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/बितरण | १,०८,४८० | ९२,६२३ |
| २. | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखाबाट Security Clearance को लागि प्राप्त | ३४७ | ३८३ |
| ३. | नागरिक उड्डयन कार्यालय प्रहरी प्रतिवेदन | ५ | ५ |
| ४. | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | ३९ | ४८ |
| ५. | औँठाछाप प्रमाणिकरण | २३५ | २३५ |
| **जम्मा** | | **१,०९,१०६** | **९३,२९४** |

हालसम्म **१३,३२,५४०** जना सेवाग्राहीहरुलाई online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र वितरण गरिसकिएको।

# सामुदायिक प्रहरी गतिविधि

पुस महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदार र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु : (गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं.१२४ कार्यक्रमहरू)




## नेपालभर समुदाय प्रहरी साझेदारी कार्यक्रमहरूको गतिबिधिको अभिलेख


- ❖ नेपालभर सामुदायिक प्रहरी कार्यक्रमहरूको गतिबिधिको मिति २०५१ सालदेखिको २०७८ सालसम्म भए गरेका कामहरुको अभिलेख समेत राखिएको छ।
- ❖ आ.व.२०७८/२०७९ भन्दा पछाडी भए गरेका कामहरुको अभिलेख निम्नानुसार छन्।
  - ✓ आ.व.२०७८/२०७९ मा ३८,२१९ वटा कार्यक्रम भएकोमा ७० वटा शिर्षकमा अभिलेख राखिएको,
  - ✓ आ.व.२०७९/०८० मा कार्यक्रमहरूको शिर्षक वृद्धि भई १०० शिर्षकमा १५,१६४ वटा कार्यक्रम सञ्चालन भएको,





# आसरा सुधार केन्द्र

## पुस महिनाको लागुऔषध सेवनकर्ता उपचार विवरण





## पुस महिनामा नेपालमा रहेका बिदेशी नागरिकहरुको विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १. | बिदेशी नागरिकहरूको मृत्यु | ०५ जना |
| २. | बिदेशी नागरिकहरूको पक्राउ | १७ जना |
| ३. | हराएका विदेशी नागरिक | - |
| ४. | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका बिदेशी नागरिकहरुको बिबरण | ४,५१२ जना |
| ५. | बिदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहिका लागि अध्यागमन कार्यालय पठाईएको | ०६ जना |

# खोजतलास तथा समन्वय

## पुस महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी बालबालिकाहरुको विवरण




## पुस महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन, बालगृहमा रहेका बालबालिका सम्बन्धी विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- DFL शाखाबाट पुस महिनाभित्र बिभिन्न १२ वटा मुद्दा शिर्षक (ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव वेचविखन, सार्वजनिक अपराध, बिद्युतिय कारोबार, जबरजस्ती करणी, लागु औषध, कर्तब्य ज्यान, चोरी, ठगी, किर्ते) अन्तर्गत ३८ वटा मुद्दाको २९० वटा सबुदहरु परिक्षण गरिएको ।

## दुरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Cell)

- पुस महिनामा अपराध अनुसन्धानको सिलसिलामा प्रहरी ईकाईहरु तथा संघीय प्रहरी इकाई कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग Co-ordination गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको ।






## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- २०७९ /०९/०१ गते देखि ऐ पुस ३० गते सम्म विभिन्न जिल्लाहरुबाट परीक्षणको लागि ५६१ केशहरु र ३६११ नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी ५९१ केशहरु परीक्षण गरिएको ।
- (AFIS) मा २११० DATA Entry भएको ।


## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

### पुस महिनामा परिचालित मासिक डिउटी संख्या



**नेपाल प्रहरी मोबाईल एप्स Google Play र Apple App Store मा उपलब्ध छ ।**
**नेपाल प्रहरीको मोबाईल एप्स प्रयोग गरी निम्न सुविधाहरु लिन सकिन्छ।**



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### ९० वर्षीया महिलाको हत्या गरेको अभियोगमा पक्राउ

*काठमाडौं, १ पुस*

तारकेश्वर नगरपालिका-६ पुशल बस्ने ९० वर्षीया डिल्ली पुतुवारको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ३९ वर्षीय नरेन्द्र शिवभक्तिलाई प्रहरीले पक्राउ गरेको छ । सोही नगरपालिका-३ पारीवनपाखा सामुदायिक वनको खोल्सामा मंसिर २२ गते डिल्ली पुतुवारको शंकास्पद अवस्थामा शव फेला परेको घटनाको अनुसन्धानको क्रममा नरेन्द्रको संलग्नता देखिएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, मिनभवनबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। राहत दिईरहेको ठाउँ चिसापानी चप्पल कारखानातर्फ लैजाने क्रममा नरेन्द्रले महिलाको साथमा रहेको पैसा लिने मनसायले उनलाई ढुंगाले हिर्काई हत्या गरेर साथमा रहेको करिब रु.५०,०००।- (पचास हजार रुपैयाँ) नगद लिएर शव खोल्सामा लुकाई घर फर्केको खुल्न आएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### धारिलो हतियार प्रहार गरी हत्या गरेको अभियोगमा ७ जना पक्राउ

*रुपन्देही, २ पुस*

बुटवल उपमहानगरपालिका-९ बस्ने भारत घर भएका ५५ वर्षीय अजय सोनीको धारिलो हतियार चक्कु प्रहार गरी हत्या गरेको अभियोगमा बुटवल उपमहानगरपालिका-८ राजमार्ग चौराहमा मागी खाई हिँड्ने हाल वतन नखुलेका २९ वर्षीय कृष्ण सिजाली मगर लगायत ७ जनालाई चक्कु सहित प्रहरीले पक्राउ गरेको छ। आफ्नो ठेलामा रहेको बदाम र चकलेट उनीहरूले चोरी गरी लगेको भन्दै सामान फिर्ता माग्न जाँदा अजयलाई चक्कु प्रहार गरी गम्भीर घाइते बनाएको भन्ने खबर प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय, बुटवलबाट खटिएको प्रहरीले घाइतेलाई उपचारको लागि लुम्बिनी प्रादेशिक अस्पताल, बुटबल पठाएकोमा उपचारको क्रममा मृत्यु भएको थियो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### अपरिचित व्यक्तिको गोली प्रहारबाट एक जनाको मृत्यु

*धनुषा, १० पुस*

मुख्यापट्टी मुसहरनिया गाउँपालिका-२ बस्ने ५० वर्षीय धानुक दासको अपरिचित व्यक्तिको गोली प्रहारबाट मृत्यु भएको छ । आफ्नै घरमा पानी तान्ने पम्प बनाई रहेको अवस्थामा हाल नम्बर नखुलेको मोटरसाइकलमा आएका २ जना अपरिचित व्यक्तिहरूले गोली प्रहार गर्दा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल, जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो। हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### १४ वर्षीय बालकलाई अपहरण गरी हत्या गरेको घटनामा संलग्न दुई जना पक्राउ

*पर्सा, १३ पुस*

वीरगंज महानगरपालिका-२५ सिर्सिया खल्वाटोला ठेगाना भएका १४ वर्षीय निरज कुमार पासवानको अपहरण गरी हत्या भएको घटनामा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा वीरगंज महानगरपालिका-१७ अलौ ठेगाना भएका २४ वर्षीय कृष्णा भन्ने श्याम प्रसाद यादव र धोबिनी गाउँपालिका-१ घोडादौडपिप्रा ठेगाना भएका ३० वर्षीय दिलिप कुमार पटेल रहेका छन् । मंसिर ८ गते दिउँसो वीरगंज महानगरपालिका-२५ सिर्सिया खल्वा टोलबाट अपहरित पासवानको शव वीरगंज महानगरपालिका-२५ सिर्सिया खल्वाटोलस्थित गुरूकुल पन्ना मेमोरियल ई.बोर्डिङ स्कुलको पुरानो भवन अगाडि सेफ्टी टंकी भित्र पुस १० गते बेलुका फेला परेको घटनाको अनुसन्धान गर्ने क्रममा उक्त कार्यमा संलग्न उनीहरूलाई वीरगंज महानगरपालिका-१७ बाट प्रहरीले पक्राउ गरेको हो। प्रारम्भिक अनुसन्धानको क्रममा फिरौती रकम असुली गर्न तथा अपहरित पासवानको हात खुट्टा र मुखमा पटी बाँधी राखेकोमा पासवानले डोरी फुकाई भाग्न खोजेकोले अपहरणकारीहरूको पहिचान खुल्न सक्ने डरले उनीहरूले हत्या गरेको खुल्न आएको छ । उनीहरू उपर सम्मानित पर्सा जिल्ला अदालतबाट अपहरण वा शरीर बन्धक बनाई कर्तव्य ज्यान (ज्यान सम्बन्धी कसूर) मा म्याद थप अनुमति लिई प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### आफ्नै सासुको हत्या गरेको अभियोगमा बुहारी पक्राउ

*सिरहा, २० पुस*

आफ्नै सासु ७२ वर्षीया दरपी कोईरीको हत्या गरेको अभियोगमा उनकै बुहारी धनगढीमाई नगरपालिका-६ मोतियाही टोल बस्ने ४२ वर्षीया चन्दा देवी महतोलाई प्रहरीले पक्राउ गरेको छ। चन्दा देवीले बाँसको भाटा प्रहार गर्दा दरपीको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय, धनगढीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### चिरपट प्रहार गरी हत्या गरेको अभियोगमा पक्राउ

*लमजुङ, २८ पुस*

राईनास नगरपालिका-९ कुडुले बस्ने ५५ वर्षीय हितमान श्रेष्ठलाई चिरपट प्रहार गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ३६ वर्षीय वेलराम गुरुङलाई प्रहरीले पक्राउ गरेको छ। २०७४ साउन ११ गते हितमान श्रेष्ठलाई हत्या गरी फरार रहेको वेलराम गुरुङलाई चितवन भरतपुर महानगरपालिका-१६ स्थितमा लुकीछिपी बसेको अवस्थामा फेला पारी प्रहरीले पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

## बृद्धा महिलाहरुलाई ललाई फकाई सुनका गहना चोरी गर्ने पक्राउ

*कास्की, १ पुस*

बृद्धा महिलाहरूलाई ललाई फकाई २७ लाख २ हजार ५८ रूपैयाँ मूल्य बराबरको सुनका गहना चोरी गरेको अभियोगमा पर्वत मोदी गाउँपालिका-६ घर भई कास्की पोखरा महानगरपालिका-४ गणेश टोल बस्ने ३४ वर्षीया टीका श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ । पोखरा बजारका विभिन्न स्थानका घरमा परिवारका सदस्यहरू नभएको मौका पारी बृद्धा महिलालाई ललाई फकाई गरी भुलाई बृद्धाहरूले घाँटी तथा कानमा लगाएका र घर कोठामा राखेका विभिन्न गहना र नगद रुपैयाँहरू चोरी गरेको भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय, कास्की र वडा प्रहरी कार्यालय, राम बजारबाट खटिएको प्रहरीले चोरी कार्यमा संलग्न श्रेष्ठलाई चोरी भएका धनमाल मध्ये तिलहरि थान-१, औंठी थान १, फूली थान-१, सिक्री, वाला, औंठी, मोबाइलको साथै चोरी गर्दा लगाएको कपडा सहित पक्राउ गरेको हो । उनी उपर सम्मानित कास्की जिल्ला अदालतबाट चोरी तथा डाँका सम्बन्धी मुद्दामा ५ दिन म्याद थप गरी प्रहरीले आवश्यक अनुसन्धान प्रक्रिया अगाडि बढाएको छ ।

## विभिन्न धनमाल चोरी

*काठमाडौं ३ , पुस*

काठमाडौं ,कीर्तिपुर नगरपालिका-६ टौदहस्थित प्रगतिशिल बचत तथा ऋण सहकारी संस्थाबाट नगद ९ लाख ९१ हजार रूपैयाँ चोरी भएको छ । सोही संस्थाको म्यानेजरको कार्यकक्षमा रहेको सेफ फोडी उक्त सेफमा रहेको उक्त नगद चोरी गरी अपरिचित व्यक्ति फरार भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त, कीर्तिपुरबाट खटिएको प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गरिरहेको छ ।

भक्तपुर ,मध्यपुरठिमी नगरपालिका-४ बालकुमारीस्थित विष्णु बिर मार्ग बस्ने अनिल शाहीको घरबाट नगद २ लाख रुपैयाँ र सुनका विभिन्न गहना समेत गरी करिब ८ लाख रूपैयाँ बराबरको धनमाल चोरी भएको छ । उनको घरको झ्यालबाट प्रवेश गरी कोठाको दराजको साँचो मिलाई चोरी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त ठिमीबाट खटिएको प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गरिरहेको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## झुट्टा विवरण पेश गरी नागरिकता र राहदानी प्रमाणपत्र लिई दुरुपयोग गर्ने व्यक्ति पक्राउ

*काठमाडौं, ९ पुस*

झुट्टा विवरण पेश गरी नागरिकता र राहदानी प्रमाणपत्र लिई दुरुपयोग गरेको अभियोगमा सर्लाही त्रिभुवननगर गा.वि.स.-१ ठेगाना भएका ३९ वर्षीय मोहमद नुर आलमलाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, मिनभवनबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-१४ कलंकी खसीवजारबाट पक्राउ गरेको हो । प्रारम्भिक अनुसन्धानको क्रममा सन् २०१२ मा म्यानमारबाट बंगलादेश हुँदै नेपाल आई सर्लाहीस्थित साविक त्रिभुवननगर गा.वि.स.-१ मा बसि मदरसामा पढाउँदै आएका म्यानमारका नागरिक आलमले झुठा विवरण पेश गरी नेपाली नगरिकता लिएको र सोही नागरिकताको आधारबाट राहदानी विभाग काठमाडौंबाट राहदानी समेत प्राप्त गरेको खुल्न आएको छ । उनलाई लिखत सम्बन्धी कसूरमा आवश्यक अनुसन्धान एवं कारवाहीको लागि जिल्ला प्रहरी परिसर, काठमाडौंमा पठाइएको छ ।

## बैंकिङ कसूर मुद्दाका फरार ४ जना प्रतिवादीहरू पक्राउ

*काठमाडौं, ११ पुस*

नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको प्रहरीले बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी ४ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा मकवानपुर हेटौंडा उपमहानगरपालिका-३ बस्ने ४८ वर्षीय राजन बर्तौला, सिन्धुपाल्चोक पाँचपोखरी गाउँपालिका-६ घर भई हाल भक्तपुर सूर्यविनायक बस्ने ३८ वर्षीय विकाश ज्योती, भक्तपुर सूर्यबिनायक नगरपालिका-१० बस्ने ३५ वर्षीय राम सुन्दर कार्की, गोरखा बारपाक सुलिकोट गाउँपालिका-६ घर भई भरतपुर चितवन बस्ने ५० वर्षीय नवराज पनेरू रहेका छन् । उनीहरुमध्ये राजन र नवराजलाई भरतपुर चितवनबाट, विकाशलाई ललितपुर लगनखेलबाट र राम सुन्दरलाई काठमाडौं जोरपाटीबाट पक्राउ गरेको हो । उनीहरूमध्ये बैंकिङ कसूर मुद्दामा उच्च अदालत पाटनको विभिन्न मितिको फैसलालाले राजनलाई १२ दिन कैद र ३४ लाख ९० हजार रुपैयाँ जरिवाना, विकाशलाई १५ दिन कैद र ४२ लाख रूपैयाँ जरिवाना, राम सुन्दरलाई ४ दिन कैद र १५ लाख ९२ हजार ८ सय ९० रुपैयाँ जरिवाना र नवराजलाई १० दिन कैद र २९ लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका थिए । उनीहरूलाई फैसला कार्यान्वयनका लागि सम्बन्धित सम्मानित जिल्ला अदालतमा पेश गरिएको छ ।

## अमेरिका लगायतको देशमा पठाईदिन्छु भन्दै रकम ठगी गर्ने व्यक्ति पक्राउ

*काठमाडौं, १४ पुस*

अमेरिका लगायतको देशमा पठाईदिन्छु भन्दै १ करोड ६२ लाख ६ हजार रूपैयाँ ठगी गरेको अभियोगमा ललितपुर महानगरपालिका-१ कुपण्डोल घर भई हाल काठमाडौं बुढानिलकण्ठ नगरपालिका-८ ओमनगर बस्ने ४४ वर्षीय राजेश थापालाई प्रहरीले पक्राउ गरेको छ । थापाले विभिन्न व्यक्तिहरूलाई मासिक ३ लाख तलवका साथै ग्रिनकार्ड, पीआर र हङकङ आईडी समेत बनाईदिने भनी वैदेशिक रोजगारिको लागि अष्ट्रेलिया, अमेरिका, क्यानडा तथा हङकङ लगायतका देशहरूमा पठाइदिने भन्दै पीडितहरुबाट उक्त रकम ठगी गरेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-२६ लैनचौरबाट पक्राउ गरेको हो । उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर, टेकु पठाइएको छ ।

## चाँदी जस्तो देखिने सेतो धातु बिक्री गर्ने दुई जना पक्राउ

*मोरङ, २६ पुस*

चाँदी जस्तो देखिने सेतो धातु बिक्री गरी ठगी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सुन्दरहरैचा नगरपालिका-१२ बस्ने सुनचाँदीको गहना बनाउने कालिगढ २४ वर्षीय नबिन बि.क. र सोही ठाउँ बस्ने १९ वर्षीय आयुष बि.क. रहेका छन् । सुन्दरहरैचा नगरपालिका-९ स्थित बल बहादुर श्रेष्ठको ओम सुनचाँदी पसलमा गत पुस १३ गते उनीहरूले ६ हजार रूपैयाँमा चाँदी जस्तो देखिने सेतो धातु बिक्री गरेकोमा उक्त धातु पगाल्दा चाँदी नभई तामा जस्तो धातु भएको खुल्न आएको थियो । साथै उनीहरूले पुन: सेतो चाँदी रंगको धातु लिएर सोही पसलमा आई ठगी गर्न लागेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय, विराटचोकबाट खटिएको प्रहरीले दुवै जनालाई चाँदी जस्तो देखिने धातुका टुक्राहरु सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*बर्दिया, २ पुस*

१५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा बाँसगढी गाउँपालिका-६ दाङपुर दमौली बस्ने ४८ वर्षीय मेघराज अधिकारीलाई प्रहरीले पक्राउ गरेको छ। ती किशोरीलाई अधिकारीले जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय, मोतीपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*मोरङ, ४ पुस*

१४ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा सुन्दरहरैचा नगरपालिका-४ बस्ने २० वर्षीय सचिन तिमलसिना र सोही नगरपालिका-६ बस्ने २१ वर्षीय प्रताप तामाङलाई प्रहरीले पक्राउ गरेको छ। उनीहरूले ती किशोरीलाई सुन्दरहरैचा नगरपालिका-७ बेलगाछिस्थित होटलमा जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय, बेलबारीबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो। साथै उक्त घटनामा संलग्न अन्य २ जनालाई समेत प्रहरीले नियन्त्रणमा लिएको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*ओखलढुङ्गा, ८ पुस*

१० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा चम्पादेवी गाउँपालिका-३ सिल्कु बेसी बस्ने ६८ वर्षीय शुक्र बहादुर मगरलाई प्रहरीले पक्राउ गरेको छ। शुक्र बहादुरले ती बालिकालाई मंसिर २२ गते साँझ सोही ठाउँस्थित खेतको मतान घरमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी पलापुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*पाल्पा, ११ पुस*

१४ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा तिनाउ गाउँपालिका-१ ठुलीउदाङ बस्ने २१ वर्षीय हिमाल सोमरेलाई प्रहरीले पक्राउ गरेको छ। हिमालले ती किशोरीलाई असार ३ गते जबरजस्ती करणी गरेको र ती किशोरी गर्भवती समेत भएको भन्ने उजुरीको आधारमा प्रहरी चौकी, दोभानबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*मोरङ, १९ पुस*

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बेलबारी नगरपालिका ३-शिमपाने चोक बस्ने २२ वर्षीय अर्जुन बिकलाई प्रहरीले पक्राउ गरेको छ। बिकले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय, बेलबारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*दाङ, २२ पुस*

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा लमही नगरपालिका-९ बस्ने २२ वर्षीय अनोवर कुमार यादवलाई प्रहरीले पक्राउ गरेको छ। यादवले ती बालिकालाई सोही नगरपालिका-९ स्थित भडरकुण्डीको जंगलमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा अस्थायी प्रहरी पोष्ट, रिहार र वडा प्रहरी कार्यालय, लमहीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*ललितपुर, २६ पुस*

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा उदयपुर गाईघाट नगरपालिका-७ घर भई हाल ललितपुर महानगरपालिका-२८ हरिसिद्धी बस्ने २८ वर्षीय सुरेन्द्र बहादुर राईलाई प्रहरीले पक्राउ गरेको छ। राईले ती बालिकालाई गत आफ्नै कोठामा लगि जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी वृत्त, सातदोबाटोबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं, २७ पुस*

जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी चितवन खैरहनी नगरपालिका-१ ज्यामिरे घर भएका २० वर्षीय दिपेश गौतमलाई प्रहरीले पक्राउ गरेको छ। जबरजस्ती करणी मुद्दामा संलग्न रही फरार भएका उनलाई केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगंजबाट खटिएको प्रहरीले काठमाडौं काँडाघारीबाट पक्राउ गरेको हो। उनलाई आवश्यक कारवाहीका लागि ईलाका प्रहरी कार्यालय, रत्ननगर, चितवन पठाइएको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*सुनसरी, २८ पुस*

६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा धरान उपमहानगरपालिका-८ बस्ने १९ वर्षीय दिवश धौलाकोटीलाई प्रहरीले पक्राउ गरेको छ। धौलाकोटीले ती बालिकालाई ललाई फकाई सोही ठाउँस्थित लांघाली सामुदायिक जंगलभित्र लगी जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय, धरानबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।



# लागू औषध सम्बन्धी

## अवैध लागूऔषध सहित पक्राउ तथा बरामद

*काठमाडौं, २ पुस*

कञ्चनपुर, बेलडाँडी गाउँपालिका-२ ढकनियाबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ४ ग्राम ३ सय ४० मिलिग्राम सहित सोही ठाउँ बस्ने ३० वर्षीय मनमोहन सिंह साँउदलाई प्रहरीले पक्राउ गरेको छ। सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी र ईलाका प्रहरी कार्यालय, बेलडाँडीबाट खटिएको प्रहरीले सु.प.प्र.०२-००३ प ७७६१ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो।

मकवानपुर, हेटौंडा उपमहानगरपालिका-१० बसपार्कबाट अवैध लागूऔषध गाँजा ८ किलो सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा कैलाश गाउँपालिका-६ बस्ने ३२ वर्षीय फुलमाया घलान र सोही ठाउँ बस्ने ३४ वर्षीया मनमाया घलान रहेका छन्। प्रहरी चौकी, बसपार्कबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त गाँजा सहित फेला पारी पक्राउ गरेको हो।

उदयपुर, उदयपुरगढी गाउँपालिका-७ बागखोरबाट अवैध लागूऔषध गाँजा करिब २५ किलो प्रहरीले बरामद गरेको छ। अस्थाई प्रहरी पोष्ट, नेपालटारबाट खटिएको प्रहरीलाई देख्नासाथ प्र.१-०५-००१ प १९७६ र प्र.१-०५-००१ प ५७३२ नम्बरको मोटरसाइकलमा आउँदै गरेका अपरिचित व्यक्तिहरूले मोटरसाइकल र झोला छोडी फरार भए पश्चात झोला जाँच गर्ने क्रममा उक्त गाँजा बरामद भएको हो। फरार व्यक्तिहरूको खोजी भइरहेको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔषध गाँजा सहित पक्राउ

*सिरहा, ५ पुस*

गोलबजार नगरपालिका-१ गोला मुक्सार चोकबाट अवैध लागूऔषध गाँजा ८ किलो ८ सय ग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सिरहा गोलबजार नगरपालिका-१ बस्ने ३९ वर्षीय सुदिप कुमार राई र धनुषा गणेशमान चारनाथ घर बताउने १८ वर्षीय किशोर रहेका छन्। स.१ ह २०२८ नम्बरको अटो रिक्सालाई प्रहरी चौकी, मुक्सारबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा अटोको पछाडि भागमा लुकाई राखेको उक्त गाँजा सहित फेला पारी अटो चालक किशोर र अटोमा सवार सुदिपलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागूऔष सहित पक्राउ

*काठमाडौं, १३ पुस*

कैलाली, गोदावरी नगरपालिका- २ बसपार्कस्थित होटलबाट अवैध लागूऔषध चरेश जस्तो देखिने बस्तु ९ केजी ३ सय ४० ग्राम सहित बझाङ् दुर्गाथली गाउँपालिका-७ काँडा बस्ने ३६ वर्षीय यम राज दौल्याललाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा सुदूर पश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी, जिल्ला प्रहरी कार्यालय, कैलाली र ईलाका प्रहरी कार्यालय, मालाखेती कैलालीबाट खटिएको संयुक्त प्रहरी टोलीले होटल तलासी गर्दा उनलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

उदयपुर, त्रियुगा नगरपालिका-३ मोतिगडा चाँप बस्ने ६० वर्षीया भद्रश्वरी राईलाई अवैध लागूऔषध गाँजा करिब २ केजी सहित प्रहरीले पक्राउ गरेको छ। उनको घरमा गाँजा लुकाई राखेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय, उदयपुरबाट खटिएको प्रहरीले घर तलासी गर्दा उक्त परिमाणको गाँजा फेला पारी उनलाई पक्राउ गरेको हो।

## अवैध लागूऔषध सहित पक्राउ

*काठमाडौं, १८ पुस*

मोरङ, रंगेली नगरपालिका-१ बविया बस्ने ४० वर्षीय मनोज राजवंशीलाई अवैध लागूऔषध गाँजा ३ सय ५० किलो सहित प्रहरीले पक्राउ गरेको छ। उनले अवैध लागूऔषध गाँजा लुकाई राखेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय, मोरङबाट खटिएको प्रहरीले तलासी गर्दा १५ वटा बोरामा लुकाई राखेको उक्त गाँजा सहित फेला पारी उनलाई पक्राउ गरेको हो। साथै उक्त गाँजा ओसारपसारमा संलग्न रहेको खुल्न आएका धनकुटा, धनकुटा शहिदभूमी गाउँपालिका-२ बस्ने २९ वर्षीय सबेचन भन्ने हस्त राईलाई समेत प्र.१-०२-०५० प २७९२ नम्बरको मोटरसाइकल सहित प्रहरीले पक्राउ गरेको छ।

धनकुटा, साँगुरीगढी गाउँपालिका-६ नमस्ते झरनास्थित सडकबाट अवैध लागूऔषध गाँजा २ किलो १ सय ५० ग्राम सहित सोही गाउँपालिका-७ बस्ने २५ वर्षीय राजु लिम्बुलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी, मुलघाटबाट खटिएको प्रहरीले साँगुरीगढीबाट धरानतर्फ जाँदै गरेको को.७ प ३७०० नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा उक्त गाँजा सहित फेला पारी उनलाई पक्राउ गरेको हो।

चितवन, ईच्छाकामना गाउँपालिका-५ मुग्लिङ बजार तिनकुने चोकबाट अवैध लागूऔषध गाँजा करिब ४ किलो प्रहरीले बरामद गरेको छ। ईलाका प्रहरी कार्यालय, मुग्लिङबाट गस्तीमा खटिएको प्रहरीले बेवारिसे अवस्थामा झोलामा राखिएको उक्त गाँजा फेला पारी बरामद गरेको हो।


## अवैध लागूऔषध सहित पक्राउ

*काठमाडौं, २३ पुस*

कास्की, पोखरा महानगरपालिका-९ पृथ्वीचोकबाट अवैध लागूऔषध चरेश करिब ३ केजी ३ सय ग्राम सहित रुकुम पुथा उत्तरगंगा गाउँपालिका-१२ खारावाङ्ग घर भएका ३६ वर्षीय वीरेन शाहीलाई प्रहरीले पक्राउ गरेको छ। वडा प्रहरी कार्यालय, बैदामबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

अछाम, साफेबगर नगरपालिका-३ टोटासालबाट अवैध लागूऔषध चरेश जस्तो देखिने पदार्थ करिब ९ सय ७६ ग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा बजुरा बुढिनन्दा नगरपालिका-१० पाण्डुलसेन घर भएका ६० वर्षीय लाक्पा थापा र सोही ठाउँ बस्ने २५ वर्षीया धम्ब चेतो थापा रहेका छन्। विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय, साफेवगरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो।

धादिङ, गजुरी गाउँपालिका-६ पोखरेखोलाबाट अवैध लागूऔषध गाँजा करिब ४३ किलो सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा मकवानपुर मनहरी गाउँपालिका-७ बस्ने ३६ वर्षीय रामचन्द्र बरुवाल र सोही ठाउँ बस्ने २९ वर्षीय नेत्रलाल खत्री रहेका छन्। अस्थायी प्रहरी पोष्ट, आदमघाटबाट खटिएको प्रहरीले बा.१५ च ६९७७ नम्बरको कारलाई जाँच गर्ने क्रममा उक्त परिमाणको लागूऔषध फेला पारी कारका चालक नेत्रलाल र कारमा सवार रामचन्द्रलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।



# अन्य अपराध

## एक थान भरुबा बन्दुक र खुकुरी सहित २ जना पक्राउ

*सोलुखुम्बु, ३ पुस*

माप्य दुधकोशी गाउँपालिका-२ बस्ने ३२ वर्षीय खगेन्द्र राई र सोही ठाउँ बस्ने २४ वर्षीय प्रवेश राईलाई १ थान भरुवा बन्दुक सहित प्रहरीले पक्राउ गरेको छ। सोलुदुधकुण्ड नगरपालिका-१ छिर्दी खोलास्थित निर्माणधिन पुलका कामदारहरुलाई उनीहरूले धाकधम्की दिई कामदारहरूको मोबाईल समेत लिएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी, नुनथलाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त हतियार सहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध रूपमा ल्याउँदै गरेका विभिन्न सामान बरामद

*बारा, ४ पुस*

जितपुरसिमरा उपमहानगरपालिका-१ पथलैया वीरगंज सडक खण्डको तिनकुने चोकबाट अवैध रूपमा ल्याउँदै गरेको करिब ६२ लाख ९० हजार रुपैयाँ बराबरको कपडा, किराना आईटम, औषधि, ब्याट्री लगायतका सामान प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी, पथलैयाबाट खटिएको प्रहरीले वीरगंजबाट रुपन्देहीतर्फ जाँदै गरेको ना.५ ख ६७४७ नम्बरको ट्रकलाई जाँच गर्ने क्रममा उक्त रुपैयाँ बराबरको सामान फेला पारी बरामद गरेको हो। बरामद सामान आवश्यक कारवाहीका लागि आन्तरिक राजश्व कार्यालय, पथलैयामा पठाइएको छ।

## मानव बेचबिखनमा संलग्न रहेको अभियोगमा २ जना चिनियाँ नागरिक पक्राउ

*काठमाडौं, ८ पुस*

मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको अभियोगमा काठमाडौं ठमेल बस्ने चिनियाँ नागरिकद्वय ३० वर्षीय चेन याङ र ३३ वर्षीय रूआन चाओहोङलाई प्रहरीले पक्राउ गरेको छ। उनीहरूले ३ जना नेपाली नागरिकलाई फ्रि भिसा र फ्रि टिकटमा लाओसमा अनलाइन सेल्स मार्केटिङको काममा लगाइदिने र महिनामा १ हजारदेखि १५ सय डलरसम्मको कमाइ हुन्छ भन्दै प्रलोभनमा पारी गत भदौ १७ गते काठमाडौंबाट भारत, थाइल्याण्ड हुँदै लाओस पुऱ्याएका थिए। त्यहाँ पुऱ्याएपछि बिट क्वाईनमा ईन्भेष्ट गराउने लगायतका गैरकानुनी काम लगाउनुको साथै २ महिना काम लगाई पीडितहरूबाट उल्टै ३ लाख ९० हजार रकम समेत लिई लाओसमा मानसिक यातना दिएको अवस्थामा आफन्तको सहयोगमा गत कात्तिक २५ गते उनीहरू नेपाल फर्किएका थिए। उक्त कार्यमा संलग्न मध्ये एक जनालाई काठमाडौं ठमेल र एक जनालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मानव बेचबिखन अनुसन्धान ब्यूरोको प्रहरीले पक्राउ गरेको हो। उनीहरूलाई सम्मानित काठमाडौं जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि थुनामा राख्न कारगार कार्यालय, जगन्नाथदेवल सुन्धारा चलान गरिएको छ।

## सट्टाबाजी खेलाउने कार्यमा संलग्न रहेको अभियोगमा ३ जना पक्राउ

*काठमाडौं, १३ पुस*

कीर्तिपुर नगरपालिका-१० स्थित क्रिकेट खेल मैदानमा एनपिएल टि २० पुरुष राष्ट्रिय क्रिकेट खेलमा अनलाईन वेटिङ मार्फत सट्टाबाजी खेलाउने कार्यमा संलग्न रहेको अभियोगमा रुपन्देही तिलोत्तमा नगरपालिका-३ घर भई हाल काठमाडौं बानेश्वर बस्ने २८ वर्षीय प्रकाश पाण्डे समेत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पुरुष राष्ट्रिय क्रिकेट खेल अन्तर्गत काठमाडौं नाईट्स र जनकपुर रोयल्स वीच भएको खेलमा मोवाईल फोनको प्रयोग गरी हार-जितको लागि अनलाईन वेटिङ भइरहेको भन्ने सूचनाको आधारमा प्रहरी वृत्त, कीर्तिपुरबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई ५ थान मोबाइल र नगद ३ हजार ५ सय २० रूपैयाँ सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## भरुवा बन्दुक सहित पक्राउ

*मकवानपुर, २२ पुस*

गढी गाउँपालिका-७ सुकौरा दुम्सी बस्ने ५२ वर्षीय मंगल सिङ थिङलाई भरुवा बन्दुक १ थान सहित प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा अस्थायी प्रहरी पोष्ट, जितपुर भन्ज्याङबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त बन्दुक फेला पारी उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## आफ्नै साथीलाई अपहरण तथा शरीर बन्धक बनाउने कार्यमा संलग्न ४ जना बालक पक्राउ

*पर्सा, २५ पुस*

आफ्नै साथी वीरगञ्ज महानगरपालिका-१६ बस्ने १६ वर्षीय बालकलाई अपहरण तथा शरीर बन्धक बनाएको अभियोगमा ४ जना बालकलाई प्रहरीले पक्राउ गरेको छ। ती बालक घर छेउको कलधारामा मुख धोइरहेको अवस्थामा चार जनाले अपहरण गरेकोमा प्रहरीले खोजी गर्ने क्रममा करिब ३ सय मिटर टाढा सुनसान खाली चौरमा मुखमा गलबन्दी, पन्जा तथा रूमाल कोचेर केबलको कालो तारले बाँधीएको अवस्थामा फेला पारी उद्दार गरेको थियो। उनीसँगै अध्ययन गर्ने ४ जनाले कक्षामा सँधै प्रथम भएकोले रिस, द्वेस र डाहले उक्त घटना घटाएको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ। उनीहरू उपर सम्मानित पर्सा जिल्ला अदालतबाट अपहरण तथा शरीर बन्धक कसूरमा ६ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

## स्रोत नखुलेको नेपाली रुपैयाँ सहित पक्राउ

*काठमाडौं, २५ पुस*

सप्तरी, वोदेबसाईन नगरपालिका-५ बजारबाट स्रोत नखुलेको नेपाली रुपैयाँ ५२ लाख ८९ हजार ५ सय रूपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा वोदेबसाईन नगरपालिका-९ देउरी बस्ने ३२ वर्षीय राम बिलास साह तेली र सोही नगरपालिका-७ बस्ने ५० वर्षीय मायानन्दन झा रहेका छन्। वोदेबसाईन नगरपालिका-५ बजारस्थित घरमा कोठा भाडा लिई बस्ने मानिसहरुले स्रोत नखुलेको नेपाली रुपैयाँको कारोबार गरिरहेको भन्ने सूचनाको आधारमा केन्द्रीय अनुसन्धान ब्यूरो, काठमाडौं र ईलाका प्रहरी कार्यालय, कडरबोना सप्तरीबाट खटिएको संयुक्त टोलीले तलासी गर्दा उनीहरूलाई उक्त रुपैयाँ सहित फेला पारी पक्राउ गरेको हो।

काठमाडौं, काठमाडौं महानगरपालिका-३२ कोटेश्वर बालकुमारी स्थित सडकबाट स्रोत नखुलेको नगद ६ लाख ५५ हजार रूपैयाँ र विभिन्न कम्पनीको मोबाइल ७७ थान सहित ललितपुर, धापाखेल बस्ने २७ वर्षीय सृजन श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग, कोटेश्वरबाट खटिएको प्रहरीले बा.८० प ६२७६ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार श्रेष्ठलाई उक्त नगद र मोबाइलहरू सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक :- कर्तव्य ज्यान

म जाहेरवालाको भाई बर्ष २६ को राजेश तामाङ का.जि.गो.न.पा.वडा नं.४ भगवतीस्थानमा टायर पसलमा ज्यालादारी काम गरी बस्दै आएका थिंए। मिति २०७९।०८।२८ गते राती अं.२१:०९ बजेको समयमा प्रतिवादी सुजन बि.क.ले मोवाईल नम्बर ९८४१०३६२८५ बाट मेरो मोवाईल नम्बर ९८१८५७३३५४ नम्बरमा फोन गरी तपाईको भाई आएर ल्याङ ल्याङ गर्यो, मैले पिटी बस भित्र लडिरहेको छ भनेकाले तत्काल घटनास्थलमा जाँदा बस भित्र मेरो भाई बेहोस अवस्थामा लडिरहेको, घाउ चोट रगताम्य अवस्थामा देखे, भाईलाई बोकेर भाईको कोठामा लगेर सुताएको थिए, छाम्दा भाईको शरीर चिसो हुँदै आएको थाहा पाएपछि उपचार गर्न नेपाल मेडिकल कलेज अत्तरखेलमा लगी डाक्टरलाई देखाउँदा भाईको मृत्यु घोषणा गरेकाले प्रतिवादी सुजन बि.क.लाई खोजतलास गरी कानुन वमोजिम गरी पाउँ भन्ने व्यहोराको किटानी जाहेरी दरखास्त प्राप्त भएकोमा निज प्रतिवादीलाई पक्राउ गरी कर्तव्य ज्यान मुद्दामा अनुसन्धान कार्य सम्पन्न भएपश्चात् सम्मानित अदालतको मिति २०७९/०९/२४ गतेको आदेशले पुर्पक्षको लागि थुनामा गएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०७९।०८।२९ गते दिनको अं.१६:५० बजेको समयमा जिल्ला कास्की माछापूच्छ्रे गाउँपालिका वडा नं.९ बादलडाँडा स्थित होटल मेजेस्टी नजिक मास पुरा भएर जन्मिएको जस्तो देखिने लिङ्ग पहिचान नभएको मानव जातीको नवजात शिशुको टाउको कुकुरले ल्याई छाडेको भन्ने सुचनाको आधारमा उल्लेखित स्थानमा पुगी घटनाको सम्बन्धमा बुझ्दा उक्त प्रिया गुरुङले जिउँदो बच्चा जन्माई मारी फालेको र उक्त कुरा धन बहादुर थापा र हरीमाया श्रीषलाई थाहा जानकारी हुँदा हुँदै घटनामा संलग्न प्रिया श्रीषलाई उक्त स्थानबाट भाग्न भगाउन भरपुर मद्दत एवं सहयोग गरेको देखिएको हुँदा निजहरूलाई कानून बमोजिम कारवाही गरिपाँउ भन्ने समेत व्यहोराको प्र.नि. महेश कुमार आचार्य समेतले प्रतिवेदन पेश गरेकोमा अनुसन्धान पश्चात सम्मानित कास्की जिल्ला अदालतमा मुद्दा पेश हुँदा सम्मानित अदालतको आदेशले निज प्रतिवादी पुर्पक्षको लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – गर्भ संरक्षण बिरुद्धको कसुर

जिल्ला प्यूठान स्वर्गद्वारी नगरपालिका वडा नं. ९ डाँडागाउँ बस्ने ४ महिनाको गर्भवती श्यामकला बैजाली घर्तीलाई मिति २०७९।०८।२४ गते साँझ अं. १६:०० बजेको समयमा जिल्ला प्यूठान स्वर्गद्वारी नगरपालिका वडा नं.९ डाँडागाउँ स्थित शान्ती घर्तीको घरभित्र निज बर्ष अ. ३३ की शान्ती घर्तीले मादक पदार्थ सेवन गरेको नसाको सुरमा त अपाङ्ग तेरो श्रीमान् पनी अपाङ्ग भनी गाली गलौज गर्नुका साथै निजको घरमा आएकी ऐ.ऐ. बस्ने बर्ष अं. ४२ की रेखा देवी खत्री २ जना मिली लछार पछार गरी पेट र कम्मरको भागमा हात तथा मुड्कीले कुटपिट गर्दा निज श्यामकला बैजालीको गर्भबाट रगत बगी निजलाई उपचारको लागि स्थानीय मेडिकल र प्राथमिक स्वास्थ्य केन्द्र भिंगृमा लगी उपचार तथा चेकजाँच गराउँदा चिकित्सकले चार महिनाको भ्रुण मर्न गई गर्भ तुहिएको हुँदा निज प्रतिवादीहरुलाई कानून बमोजिम गरिपाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान कार्य सम्पन्न गरी सम्मानित प्यूठान जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०७९।०९।२६ गतेको आदेशले प्रतिवादी प्रविन रोकाय समेत ५ जना जनही रु. ६५,०००/- (पैसठी हजार) धरौटी तारिखमा छुटी गएको।

## मुद्दा शीर्षक – ज.ज.क.

मिति २०७९।०२।१८ गते रातको अ.११:०० बजेको समयमा परिवर्तित वतन जि. ०३-०१-२ स्थित ऐ.ऐ. वस्ने वर्ष १४ की परिवर्तित नाम इलाम-ज-(०७९।०८०) लाई जिल्ला इलाम, इलाम नगरपालिका वडा नं.४ वस्ने वर्ष २४ को सुजन राईले विवाह गर्छु भनि विभिन्न प्रलोभन देखाई जवरजस्ती करणी गरेको र हाल पीडित परिवर्तित नाम इलाम-ज-(०७९।०८०) गर्भवती समेत रहेकोले कानून वमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित इलाम जिल्ला अदालतको मिति २०७९।०८।२३ गतेको आदेशले निज प्रतिवादी सुजन राईलाई पुर्पक्षको लागि कारागार कार्यालय, इलाम पठाईएको।

## मुद्दा शीर्षक – अपहरण तथा शरीर बन्धक

म जाहेरवाला ने.क.पा.एमालेको प्रदेश सभा १ को समानुपातिक उम्मेदवार भएको हुँदा निजले निर्वाचनको क्रममा मेरो अन्तरवार्ता भनाई तथा पार्टीको विज्ञापन समेत गरी म सँग घनिष्ट निकटता विश्वसनीयता बढाएको कारण निज मेरो विश्वासिलो साथी भएकोले वारदात मितिमा सुर्योदयलाई पृष्ठभुमिमा राखी छायाकंन गर्ने भनी निजले मलाई अघिल्लो दिन जानकारी गराई मैले पनि सहमति दिई निज बिहान स्कुटी लिई आई मलाई निजको सवारीमा बसाई वारदात स्थलमा लगी छायाकंन गरी सोफामा बस्न लगाई बसिरहेको अवस्थामा एकजना अपरिचित व्यक्ति आई मलाई समाती तारले वाँधी विभिन्न धाकधम्की दिई रकमको बार्गेनिङ गरी कुटपिट गरी ३० लाखको माग गरी मैले १५ लाखको चेक काटी दिएको र बाँकी रकम पछाडि दिउँला भनी म सो स्थानबाट भाग्न सफल भएको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी कानुन बमोजिम गरिपाउँ भनी दिएको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान कार्य सम्पन्न गरी सम्मानित मोरङ जिल्ला अदालतमा मिसिल पेश हुँदा सम्मानित अदालतको मिति २०७९।०९।२८ गतेको आदेश बमोजिम प्रतिवादी शहेन्शा सिद्धिकी भन्ने अब्दुल खत्ताबलाई पुर्पक्षको लागि कारागार पठाएको र चिखु भाई अजय भन्ने जय कुमार रामलाई १ लाख धरौटी रकम माग गरेकोमा धरौटी रकम राख्न नसकी कारागार गएको।

## मुद्दा शीर्षक – ज.ज.क.

मिति २०७९।०८।२८ गतेका राती अ.१० बजेको समयमा म बैतडी पाटनबाट बस चढी आफ्ना बुबा प्रमानन्द पाण्डेलाई भेटघाट गर्न महेन्द्रनगर आउँदा बस धनगढी जाने हुँदा मलाई अत्तरियामा छोडे पछी नजिकै रहेका मिनीबसका मालिक र यात्रीहरुले समेत यो बस महेन्द्रनगर जादै छ जाने भए आउ भने पछी म समेत उक्त बसमा चढी महेन्द्रनगर आउन लाग्दा बस भित्र रहेका ४/५ जना यात्रीहरु मेरो नजिक आई मलाई जिस्काईरहेका र अन्यायी शंकर बोहराले हातमा रुमाल ल्याई मेरो नाम र मुखमा रुमाल लगाई मलाई बेहोस बनाई महेन्द्रनगर बजार पुग्दा आफ्नो सोल्टी नास्ता पसलको कोठाभित्र लगी खाटमा पल्टाई अन्यायीहरुले पालै पालै मेरो योनी, मलद्धार, कानमा र मुखमा समेत लिंग घुसाई करणी गरेकोले निज अन्यायीहरुलाई पक्राउ गरी हदैसम्मको सजाय गरी पाउँ भन्ने समेत ब्यहोराको परिवर्तित नाम ७५(२६) कुमारीको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित कञ्चनपुर जिल्ला अदालतको मिति २०७९।०९।१९ गतेको आदेशले प्रतिवादीलाई साधारण तारेखमा छोडेको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल काठमाडौं**

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np
मोबाईल: ९८५१२९९१९९ फोन: ०१- ४४१२७४८